# झापा जिल्ला अदालत

**इजलास**

**माननीय जिल्ला न्यायाधीश श्री मनोजकुमार श्रीवास्तव**

**फैसला**

**मुद्दा नं. ०७७-C१-०४८०**

**र.नं. १८-०७७-०२२४५**

**दर्ता मितिः २०७७।१२।२९**

**निर्णय नं.- ५०१**

**प्र.स.नि. भीमबहादुर श्रेष्ठसमेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार-------------------------------१ } वादी**

**बिरुद्ध**

**जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं. ११ कालीझोडा गाँउमा वस्ने, गोपाल सार्कीको छोरा, वर्ष ३१ को टार्जन भन्ने पूर्णबहादुर सार्की------------------------------------------------------१**

**जिल्ला पाँचथर, साविक थर्पु गा.वि.स. वडा नं. ६ स्थाई वतन भई हाल झापा मेचीनगर नगरपालिका वडा नं. ८ इट्टाभट्टा भई हाल ऐ. मेचीनगर नगरपालिका वडा नं. १२ कालीझोडा गाँउमा वस्ने, सुकराजको नाती, सुर्य मङगराती सार्कीको छोरा, वर्ष २१ को महेश मङगराती सार्की-------------१**

**जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं. १२ कालीझोडा गाँउमा वस्ने, सनमानको नाती, नरबहादुर विश्वकर्माको छोरा, वर्ष ३२ को सुनिल भन्ने दिलिप विश्वकर्मा-------------------------१**

**जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं. १२ कालीझोडा वस्ने, आमा मिठु दर्जीको छोरा, वर्ष २५ को सुवास दर्जी-------------------------------------------------------------------------१**

**जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं. १२ कालीझोडा टोल वस्ने, अमरबहादुर तोलाङ्गेको छोरा, वर्ष ३५ को धने भन्ने धनबहादुर तोलाङ्गे सार्की-----------------------------------------१**

} प्रतिवादी

**मुद्दा ः पशुपंक्षी सम्वन्धी कसूर ।**

**वादीको साक्षीः-**

प्रतिवेदक भीमबहादुर श्रेष्ठ

**अदालतबाट बुझेको**

**साक्षी ः-**

**कागज ः-**

**प्रतिवादीको साक्षीः-**

तिलकबहादुर सार्की

सिता वि.क.

**न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ र १६९ बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ।**

## संक्षिप्त तथ्य

१. मिति २०७७।१२।०४ गते विहान अं. राति अं ०२:३० बजेको समयमा जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं १२ काली झोडाको सिमानामा पर्ने जिल्ला झापा, अर्जुनधारा नगरपालिका वडा नं १० स्थित गाँउमा गोरु मारेर मासु काटदै छन भन्ने गोप्य सुचनाको आधारमा हामी प्रहरी प्रतिवेदक टोली खटि जाँदा रातो सेतो फुस्रो रंगको गोरुलाई काटी मारी छाला छिली बायाँतर्फको अगाडि र पछाडिको खुट्टा समेत शरीरवाट छुटयाई मासु काटदै गरेको अबस्थामा गोरु मारेको वरिपरि सुनिल भन्ने दिलिप विश्वकर्मा, सुवास दर्जी, टार्जन भन्ने पुर्णबहादुर सार्की र महेश सार्की मंग्राती समेतले हातमा मासु काटने हतियार (औजार) हरु सहित फेला पारी निजहरुलाई भाग्न उम्कन नदिई सोही स्थानमा सुरक्षित राखि छाला छिलेको र अगाडि पछाडको दाँयातर्फको खुट्टा शरिरको भागवाट छुटाएको अवस्थाको मृत गोरु बरामदी मुचुल्कामा उल्लेखित मासु काटने हतियारहरु सहित निज सुवास दर्जी समेतलाई पक्राउ गरी प्रतिवेदन सहित दाखिल गरेको छौ, कानुन वमोजिम कार्वाही होस भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन ।

२. जिल्ला झापा, अर्जुनधारा नगरपालिका वडा नं. १० कलिझोडा डाडा गाउ स्थित पुर्वमा भिम तोलाङगे सार्कीको टिनको घर, पश्चिममा तिर्थ तोलाङगे सार्कीको घर, उत्तरमा लिला तोलाङगेको घर र दक्षिणमा राजन आछामिको घर यति चार किल्लाभित्र भिम तोलाङगे सार्कीको घर पछाडि केरावारीमा सुनिल भन्ने दिलिप विश्वकर्मा, सुवास दर्जी, राजन अछामी भन्ने पुर्णबहादुर सार्की, महेश सार्की समेतले के कहाँवाट पशुजन्य गोरु आठवटा दाँत भएको खैरो रंगको दुई वटा सिङ दुई कान चारवटा खुट्टा भएको गोरुलाई सोहि वारीमा रहेको बकाइनोको रुखमा पुरानो रातो सेतो रंगको पल्ष्टिकको डोरी घाँटीमा लगाई बाँधि काठको बिड भएको फलामको वञ्चरोले पटक पटक गोरुको दुई सिंग बिच टाउकोको बिच भागमा दुई पटक प्रहार गरि मारि गोरु दक्षिण टाउको उतर खुट्टा भई पुच्छर भुइ पश्चिम कोल्टे गरी लडाई अगाडिको दाहिने खुट्टा र पछाडिको दाहिने खुट्टासम्म छीनाई दाहिनेपट्टिको छाला मासुवाट छिलि छुट्याई पुर्वतर्फ जमिनमा ओछयाई दाहिनेपट्टिको गर्दनको मासु निकाली सोहि छिलेको छाला माथि मासु राखिएको सोहि छाला माथि काठको बिड भएको २ फिट ३ इन्च को वञ्चरो, काठको विड सहित १ फिट ५ इन्चको काटने दाउ, १ फिट १ इन्चुको चक्कु र ११.५ इन्चको चक्कु, रहेको गोरु प्रजातिकोलाई घाँटीमा वाँधी बकाइनोको रुखमा बाँधिएको डोरी रातो सेतो फुस्रो रंगको ६ फिट ८ ईन्च लम्बाई रहेको, बनाईनोको रुखको गोलाई ३.५ ईन्च रहेको, गोरु प्रजातिको हो भनि छाला काडी छिली निकाल्दा अण्डकोष र लिङ्ग प्रष्ट देखिएको गोरुको टाँउकोको भागमा जस्ताको त्यस्तै छाला रहेको सिङ्ग माटो रंगको रहेको दुवै कान सही हातलमा रहेको आठ वटा दाँत, स्पष्ट रुपमा देखिएको अवस्थामा निज सुनिल भन्ने दिलीप विश्वकर्मा समेतले उक्त गोरु प्रजातीको चौपायालाई घाँटीमा बाँधी बन्चरोले पटक पटक टाँउकोको भागमा हानी मारीएको घटनास्थल बरामदी मुचुल्काको चार किल्ला विवरण ठिक छ भनि उक्त घटनास्थलमा स्थानिय जन प्रतिनिधी भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाको प्रतिनिधि ब.प.वि.अ. को रोहवरमा पोष्ट मार्टम समेतको कार्य गरी परीक्षणको लागी मृत गोरुको करङको हड्डीको भाग र फिलाको मासुको भाग परीक्षणको लागी सङकलन गरी निकाली घटनास्थलमा रहेको फेला परेको फलामको बन्चरो र चक्कु, दाउ, चुप्पो र बाधिएको डोरी रित पूर्वक बरामदी गरी अन्य मासुको गोरुलाई सोही स्थीत खाल्डो खनि रितपूर्वक पुरिएको घटनास्थल बरामदी मुचुल्का ।

३. म वासको मुढा वनाउने काम गर्दै परिवारमा गर्जो टार्दै आएको छु, म सँगै पक्राउ परेका प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्मा, महेश सार्की मंग्राती र सुवास दर्जी मेरो ससुराली गाउँका चिनजानकै मानिस हुन्। मिति २०७७।१२।०३ गते वेलुका म धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीको घर आँगनमा वसेर उसको घरको मुढामा वुट्टा हान्दै थिएँ, सोही वेला धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीको घरमा सुनिल भन्ने दिलिप विश्वकर्मा र सुवास दर्जी आई भित्र किचन कोठमा गई तीनजना एकआपसमा गोरु काट्ने कुराकानी गर्दा मैले सो कुरा सुनिरहेको थिएँ र वेलुका घर जान लाग्दा धनेले मलाई यही मेरै घरमा सुत्, दिलिप विश्वकर्मा र सुवास दर्जी पनि यही सुत्छन् भनेकोले म पनि निज धनेकै घरमा सुतेको हुँ। भोलिपल्ट विहान राती करिव ०१:०० वजेतिर धने भन्ने धनवहादुर तोलाङ्गे सार्की, सुनिल भन्ने दिलिप विश्वकर्मा र सुवास दर्जी उठेर वञ्चरोहरु, छिनो निकालेर धार लगाउदै थिए मलाई अल्छी लागेकोले म अहिले जान्न सुत्छु भनी सुतेपछि धनेले हामीलाई खाट चाहिन्छ तँ यो खाट वाहिर पुर्याईदे भन्दा मैले खाट निजकै घर पछाडिपट्टी सम्म लगीदिई आई सुतें केहीवेर पछि ४/५ पटक ठङग ठङ्ग गरेको आवाज आयो र धने समेतले गोरु काटिसके होलान् भनेर उठेर धनेको घर पछाडी केराघारीमा पुग्दा सुनिल भन्ने दिलिप विश्वकर्मा, धने भन्ने धनवहादुर तोलाङ्गे सार्की, सुवास दर्जी र महेश सार्की मंग्राती समेत ४ जना थिए, ४ जना मध्ये महेश सार्की मंग्राती र धने भन्ने धनवहादुर तोलाङ्गे सार्की टर्च देखाईरहेका थिए भने सुनिल भन्ने दिलिप विश्वकर्मा र सुवास दर्जी गोरु काट्ने छिल्ने गर्दै थिए। म पुगेको केही वेरपछि धनेले मलाई टर्च वाल्न दिई मान्छे रेखदेन गर्न गयो। गोरु काटिरहेको ठाउँमा म र महेश सार्की मंग्रातीले टर्च देखाउने र सुनिल भन्ने दिलिप विश्वकर्मा र सुवास दर्जीले गोरु काट्ने मासु र हड्डी छुट्याउने गरिरहेको वेला एक्कासी के कतावाट प्रहरी टोलीहामी भएको ठाउँमा आईपुगी तिमीहरु यतायता हल्लियौ गोली ठोक्दिन्छु जहाँ जसरी वसेका छौ त्यहीं वस भनेपछि हामी हलचल नगरी वसिराख्यौ र प्रहरीले हामीलाई नियन्त्रण लिई स्थानिय मानिसहरुको सामुन्नेमा प्रहरीले गोरुको छाला मासु समेतका काट्ने हतियार वरामदी मुचुल्का गरी हामीलाई पक्राउ गरी ल्याएको हो। प्रहरी आएको कुरा प्रतिवादी धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीलाई के कसरी थाहा भएछ उ भाग्यो। अहिले के कता छ मलाई थाहा छैन भन्ने व्यहोराको टार्जन भन्ने पुर्णबहादुर सार्कीको वयान कागज।

४. मेरो ससुरा वुवा ८/९ महिना अघि खस्नु भएको र सासुआमा विरामी हुनुभएकोले ससुरा वुवाको वर्षदिने सम्म सासुआमाको रेखदेन गर्नका लागि म र मेरी श्रीमती मेरो ससुराली घर जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं १२ कालीझोडामा वस्दै आएका छौ। म सँगै पक्राउ परेका प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्मा, टार्जन भन्ने पुर्णबहादुर सार्की र सुवास दर्जी मेरो ससुराली गाउँका चिनजानकै मानिस हुन्। मिति २०७७।१२।०४ गते विहानको राती अं. ०१:३० वजेतिर मलाई मेरो काका ससुरा धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीले वोलाउनु भएछ म निदाईरहेको थिएँ, मेरी श्रीमतीले सुनिछन् र श्रीमतीले व्यूझाई तपाईलाई काकाले वोलाउदै हुनुहुन्छ भनिन् त्यसपछि म उठी शौचालय जाँदा धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीको घर पछाडी केरावारीमा ठङ्ग ठङ्ग गरेको आवाज आयो र जाँदा सुनिल भन्ने दिलिप विश्वकर्मा, धने भन्ने धनवहादुर तोलाङ्गे सार्की र सुवास दर्जी समेत ३ जनाले रातो सेतो फुस्रो रंगको गोरुलाई टाउकोमा वञ्चरोले प्रहार गरी मारी भुईमा लडाई गोरुलाई छाला छिल्नका लागि उत्तानो पार्दै रहेछन्, छातीको भागवाट धारिलो हतियार छुरी (चक्कु)

ले छाला छिल्दै गर्दा प्रतिवादी टार्जन भन्ने पुर्णबहादुर सार्की आईपुग्यो र मेरो काका ससुरा धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीले टर्च वाल्नु ज्वाई उज्यालो देखाईदिदै गर्नु भन्दा मैले मेरै मोवाईल वाल्छु भनी आफ्नै मोवाईलको टर्च वालेपछि धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीले टार्जन भन्ने पुर्णबहादुर सार्कीलाई उसको मोवाईल दिई सकेपछि धने भन्ने धनवहादुर तोलाङ्गे सार्की, सुनिल भन्ने दिलिप विश्वकर्मा र सुवास दर्जी एकआपसमा कुराकानी गर्दै ४/५ पटक वञ्चरोले हान्दा पनि मरेको थिएन कति वलियो रैछ भनी धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीले भनेका हुन्। एकछिनपछि धने भन्ने धनवहादुर तोलाङ्गे सार्की म मान्छे हेर्न विचार गर्न वरिपरी घुम्छु भनी गई वरिपरी टर्च वाली मान्छे हेर विचार गर्दै थिए, म र टार्जन भन्ने पुर्ण बहादुर सार्कीले मोवाईलको टर्च वाली देखाईरहदा सुनिल भन्ने दिलिप विश्वकर्मा र सुवास दर्जीले गोरुको छाला मासु हड्डी छुट्याउदै काट्दै थिए। सोही अवस्थामा के कतावाट प्रहरी टोली हामी भएको ठाउँमा आईपुगी तिमीहरु यतायता हल्लियौ कि ठिक हुदैन जहाँ जसरी वसेका छौ त्यहीँ वस भनेपछि हामी हलचल नगरी वसिराख्यौ र प्रहरीले हामीलाई नियन्त्रण लिएका हुन्, प्रहरी आएको कुरा धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीले के कसरी थाहा पाएछन् र निज भागी हाले। हामीलाई सोही अवस्थामा स्थानिय मानिसहरुको सामुन्नेमा प्रहरीले गोरुको छाला मासु समेतका काट्ने हतियार वरामदी मुचुल्का गरी हामीलाई पक्राउ गरी ल्याएको हो भन्ने व्यहोराको महेश सार्की मंग्रातीको वयान कागज।

५. मेरो बुबाले मलाई सानैमा छाडेर अर्को आमा लिएर जानु भएको र मेरो जन्मदिने आमा अर्कै बुबासँग पोइल गएकोले म सानै देखी मेरो हजुरआमा सनमाया दर्जीसँग बस्दै आईरहेको छु। म सँगै पक्राउ परेका प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्मा, टार्जन भन्ने पुर्णबहादुर सार्की र महेश मग्राती सार्की मेरो गाँउघरका चिनजानकै मानिस हुन। मिति २०७७।१२।०३ गते बेलुकी म मेरो छिमेकी धने सार्कीको घरमा जादाँ प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्मा र धने भन्ने धनवहादुर तोलाङ्गे सार्की गफगाफ गरिरहेको थिए। म निजहरुको छेउमा बसेर गफ सुनेर बसे, निजहरु भोलि मिति २०७७।१२।४ गते विहानै चौपाया गोरु काटने सरसल्लाह गर्दै थिए, म केहि छिन बसि म आफ्नो घरतर्फ गए। मिति २०७७।१२।०४ गते बिहानको राति म आफ्नै घरमा सुतिरहेको अबस्थामा मेरो घर बाहिरवाट कोही कसैले बोलाएको जस्तो लागि ढोका खोली हेर्दा धने भन्ने धनवहादुर तोलाङ्गे सार्की र सुनिल भन्ने दिलिप विश्वकर्मालाई मेरो घर आँगनमा उभिरहेको देखि यति राति किन आउनु भएको भनि निजलाइ सोध्दा निजहरुले भाइ हामीले चौपाया गोरु ल्याएर आएको छौ, तिमिलाई पनि मासु दिउला, गोरु काटने मानिस कोहि भएन हिड जाउँ गोरु काटिदेउ भनेकाले म, धने भन्ने धनवहादुर तोलाङ्गे सार्की र सुनिल भन्ने दिलिप विश्वकर्मा भिम तोलाङगे सार्कीको घर पछाडि पुग्दा प्रतिवादी टार्जन भन्ने पुर्णबहादुर सार्की र प्रतिवादी महेश सार्की हातमा टर्च बोकेर गोरु रेखदेख गरिरहेको थिए। प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्माले धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीलाई तिमी केहि पर गएर बस कोही मानिसहरु र प्रहरी आए हो हल्ला गर्नु भनि निजलाई घटनास्थल देखि के पर रुघालु राखे भने मैले बन्चरो दुवै हातले अठयाई उक्त चौपाया गोरुलाई प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्मा, टार्जन भन्ने पुर्णवहादुर सार्की, महेश सार्की मंग्राती भई हात समाती अठयाए र मैले उक्त गोरुको टाउको ४ चोटि बन्चरोले प्रहार गर्दा गोरु बल्लतल्ल मर्यो र सो चौपाया गोरुको खुट्टा प्रतिवादी टार्जन भन्ने पुर्णबहादुर सार्की र महेश सार्की मंग्रातीले समाते भने म र सुनिल भन्ने दिलिप

विश्वकर्माले चक्कुले चौपाया गोरुको छाला छिल्दै गरेको बखत प्रहरीले के कसरी थाहा पाई हामी चारै जनालाई घटनास्थलवाट नियन्त्रणमा लिई उक्त मृत अबस्थाको गोरु र गोरु काटन प्रयोग गरेको औजारहरु समेत वरामद गरी हामीलाइ प्रहरी पक्राउ गरेको हो भन्ने व्यहोराको प्रतिवादी सुवास दर्जीको वयान कागज।

६. म घरमा वाँसको मुढा वनाई वजारमा विक्री गरी घर व्यवहार चलाउदै आएको थिएँ। वारदात मिति २०७७।१२।०४ गतेको केही अगाडि हाम्रो गाउँमा पश्चिमतिर मोरङ जिल्लाको कानेपोखरी आसपासवाट २०/२५ वटा गोरु र वहर (वाच्छा) खेदुवाले किनेर ल्याई विक्री गर्न राखेको थियो, राखेका मध्ये रातो सेतो फुस्रो रंगको एउटा गोरु विरामी भएको मलाई थाहा भएकोले मैले गोरु धनीलाई भेटी सस्तैमा वेच्ने भए हामी किन्छौ र उपचार गरी विक्री गर्छौ भन्दा निजले ९ हजार पाए विक्री गर्छु भनेपछि म फर्की धने भन्ने धनवहादुर तोलाङ्गे सार्कीको घरमा आई निजलाई भेटी एउटा गोरु सस्तैमा भेटिएको छ काटेर खान पनि ठिक्क छ गोरु धनीले दाम ९ हजार भन्दैछ मिलाएर दिन्छ होला हामी दुईजना कुरा गर्न जाउ भनी गई कुरा गरी रु. ७,५००।— मा लिने कुरा गरी मैले रु. ३,५००।— र धनेले रु. ४,०००।— दिई वेलुका गोरु लैजाने गरी फर्की धनेको घरमा हाल पक्राउ परेका सुवास दर्जी र मुढा वनाउने काम गर्ने टार्जन भन्ने पुर्णवहादुर सार्कीलाई समेत वोलाई गोरु काट्नुपर्छ भनी सल्लाह गर्दा सुवास दर्जीलाई तिमी वञ्चरोले मार हान तिमीलाई मासु दिउला र लगेर घरमा खानु भन्दा निजले सहमति जनाएपछि निज धनेको घरमा म र सुवास दर्जी समेत सुती वारदात मितिको विहान राती अं. ०१:०० वजे उठी हामी चारैजना भई उठी धनेको घरको वञ्चरो र छिनो (चक्कु) समेत धार लगाई उध्याई म र धनेले गोरुलाई दाम्लोले वाँधी डोर्याई धनेको घर पछाडि लगी सुवास र टार्जन भन्ने पुर्ण वहादुर सार्कीलाई रुगालु राखी म वञ्चरो र चक्कु लिन घर गए धने भन्ने धनवहादुर तोलाङ्गे सार्की निजको ज्वाई नाता पर्ने महेश सार्की मंग्रातीलाई वोलाउन गए र केही वेरपछि महेश समेत आएपछि सुवास दर्जीले वञ्चरोले गोरुको टाउकोमा प्रहार गर्ने र हामीले गोरुलाई पक्रिने गरी ४ पटक टाउकोमा निजले वञ्चरोले हिर्काउदा गोरु भुईमा ढल्यो र गोरु मरेपछि हामीहरुले चक्कुले छाला छिल्दै गर्दा धने वरिपरी मान्छे रेखदेख गर्दै गरेको अवस्थामा के कतावाट प्रहरी टोली आई हामी चारैजनालाई घटनास्थलवाट नियन्त्रणमा लिई उक्त गोरु काटन प्रयोग गरेको औजारहरु समेत वरामद गरी हामीलाइ प्रहरी पक्राउ गरेको हो भन्ने व्यहोराको प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्माको वयान कागज।

७. मिति २०७७।१२।०४ गते विहान राति अं ०२:३० बजेको समयमा म आफ्नै घरमा भएको अवस्थामा छरछिमेकी मानिसहरुले प्रहरीले गोरु काट्दै गरेको अवस्थामा हाम्रो गाँउका केटाहरुलाई नियन्त्रणमा लिएको छ भन्ने हो हल्ला सुनि म घरबाट उठि घटनास्थल जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं १२ काली झोडाको सिमानामा पर्ने जिल्ला झापा, अर्जुनधारा नगरपालिका वडा नं १० स्थित गाँउमा पुग्दा प्रतिवादी सुनिल भन्ने दिलीप विश्वकर्मा, सुवास दर्जी, टार्जन भन्ने पुर्णबहादुर सार्की र महेश मंङगराती सार्की समेतलाई नियन्त्रणमा लिई सकी घटनास्थल वरपर कर्डन टेप लगाई घटनास्थल सुरक्षित राखेको देखेको हुँ। घटनास्थलमा रातो सेतो फुस्रे रंगको चौपाया गोरु काटी मारी छाला समेत छिलेको अवस्थामा देखेको हुँ। प्रहरी हाम्रो सामुन्नेमा उक्त गोरु काट्दा प्रतिवादीले प्रयोग गरेको हात हतियार समेत बरामद गरी लिई गएको हो। यसरी राज्यले प्रतिबन्धित गरेको चौपाया

गोरु काट्ने मार्ने प्रतिवादीहरुलाई कानून बमोजिम कडा कारवाही गरीपाँउ भन्ने रमेश सुनुवारले गरेको कागज।

८. प्रतिवादीहरु सुनिल भन्ने दिलीप विश्वकर्मा, सुवास दर्जी, टार्जन भन्ने पुर्णबहादुर सार्की र महेश मंङगराती सार्की हाम्रो गाँउ घरका मानिसहरु हुन। मिति २०७७।१२।०४ गते विहान राति अं ०२:३० बजेको समयमा म आफ्नै घरमा थिए। उक्त मिति र समयमा मानिसहरु हो हल्ला गरेको सुनि के भएछ भनि छिमेकीमा मानिसहरु संग बुझ्दा हाम्रो गाँउमा चौपाया गोरु काट्को छन गोरु काट्ने मानिसहरुलाई प्रहरीले पक्राउ गरेका छन भन्ने थाहा पाई बुझ्दा वारदातस्थानमा प्रतिवादी सुवास दर्जी समेतलाई नियन्त्रणमा लिई सकेको रहेछ, घटनास्थलमा सेतो फुस्रो रंगको चौपाया गोरु छाला छिलिएको अवस्थामा देखेको हु। यसरी राज्यले प्रतिबन्धित गरेको चौपाया काट्ने मार्ने प्रतिवादी सुनिल भन्ने दिलीप विश्वकर्मा, सुवास दर्जी, टार्जन भन्ने पुर्णबहादुर सार्की र महेश मंङगराती सार्की समेतलाई कानून बमोजिम कडा कारवाही गरीपाँउ भन्ने व्यहोराको खेममनाथ पुरीको कागज।

९. प्रतिवादीहरु सवैलाई म चिन्दछु। निजहरु गाँउकै भाईहरु हुन। वारदात मिति समयमा म आफ्नै घरमा थिए। गाँउमा गोरु काटेर मासु बनाउदै छन भन्ने हल्ला हुदाँ म वारदातस्थानमा पुग्दा प्रहरी सरहरु आई सक्नु भएको थियो। घटनास्थललाई प्रहरी सरहरुले घेरेर राख्नु भएको थियो। उक्त गोरु प्रतिवादीहरुले के कहाँबाट ल्याई काटी मारी गरेका हुन मलाई थाहा छैन। निज प्रतिवादीहरु संग मेरो कुनै रिशईवी, दुष्मनी रहेको छैन। यसरी गोरु काटी मारी कानून बिपरित कार्य गर्ने निजहरु सवैलाई प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही सजाय होस भन्ने पूर्णमाया पुरी गिरीको कागज।

१०. मैले विगत १४ वर्ष अगाडी देखि पशु खरिद तथा बिक्री केन्द्र संचालन गरी आएको छु। मैले मिति २०७६ साल फाल्गुन महिना २० गतेको दिन आन्तरिक राजश्व कार्यालय भद्रपुरमा पाखिन पशु खरीद तथा बिक्री केन्द्र संस्था दर्ता गरि सोही कारोबार गरी आएको छु। म विगत ३ महिना अघि देखि यहा झापा मेचीनगर नगरपालिका वडा नं. १० कालीझोडा स्थित गाई/गोरो झार्ने अड्डी बनाई खरिद बिक्रीको कारोबार गरी आएको छु। यस्तैमा मिति २०७७।१२।०३ गतेको दिन विहानको ०९:०० बजेको समयमा दमकबाट गोर ल्याई अड्डीमा बसी रहेको अवस्थामा २ (दुई) जना पुरुष मानिस तत्काल नाम थाहा नभएका हाल थाहा हुन आएका प्रतिवादी धने भन्ने धनबहादुर तोलाङगे सार्की र सुनिल भन्ने दिलिप विश्वकर्माको म भए ठाँउमा आई हामीलाई एउटा गोरू चाहिएको छ। घरमा भएको एक हल गोरु मध्ये एउटा मरेको हुदाँ बारी जोत्नको लागी एउटा गोरुको आवश्यक परेको हुदाँ एउटा गोरू तपाईसंग खरिद गर्नु पर्ने भयो। एउटा गोरू बिक्री गर्ने हो के कति दाम पर्छ भनि मलाई सोध्दा मैले नगद रु. २०,०००।— (विस हजार) पर्छ भनि बताएउदा निजहरुले हामीलाई त्यत्रो महंगो गोरु चाहिने हैन यसो रु. १०,०००।— (दश हजार) सम्मको दाममा आउने गोरु छ भने देखाउनुहोस् भन्दा मैले म संग एउटा बिरामी गोरु छ लाने भा दिन्छु भनि कुरा गर्दा निजहरुले यो गोरु बिरामी रहेछ यसलाई हामी रु. ९,०००।— (नौ हजार) सम्म दाम लगाउछौ। यसलाई हामी लगेर निको पारी बारी जोत्छौ भनि कुरा फिक्स गरी मैले उक्त सेतो फुस्रो रंगको बिरामी गोरु निजहरुलाई रु. ९,०००।— (नौ हजार) मा बिक्री गरि दिएको हो। सोपश्चात म सरासर दमकबाट ल्याएको गोरुहरु गाडीमा लोड गरी सोहि दिन इलामको पशुपतिनगर गई भन्सार काटी दार्जेलिङ

गएको थिए। कामको सिलसिलामा म हप्ता दिन जति उतै बसी पुन झापा फर्की आउँदा मात्र हाल पक्राउ परी आएका प्रतिवादीहरु सुनिल भन्ने दिलिप विश्वकर्माऽ टार्जन भन्ने पुर्णबहादुर सार्की, महेश मङगराती सार्की, सुवास दर्जी समेतले मैले बिक्री गरेको उक्त गोरु मिति २०७७।१२।०४ गते विहान राति अं ०२:३० बजेको समयमा जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं १२ काली झोडाको सिमानामा पर्ने जिल्ला झापा, अर्जुनधारा नगरपालिका वडा नं १० स्थित गाँउमा उक्त गोरुलाई काटी मारी छाला छिली बायाँतर्फको अगाडि र पछाडिको खुट्टा समेत शरीरवाट छुटयाई मासु काटदै गरेको अवस्थामा प्रतिवेदक प्रहरी टोलीले फेला पारी पक्राउ गरि लगि गएका रहेछन भन्ने हाल आएर थाहा भयो। मलाई तत्काल निजहरुले गोरु बारी जोत्न आवश्यक परेको भनि झुट्टो कुरा बहाना गरी खरिद गरि लगेका रहेछन। यसरी राज्यले प्रतिबन्धित गरेको चौपाया काट्ने मार्ने प्रतिवादीहरुलाई कानून बमोजिम कडा कारवाही गरियोस् भन्ने व्यहोराको पुर्णबहादुर तामाङको कागज।

११. मिति २०७७।१२।०४ गते विहान राति अं ०२:३० बजेको समयमा जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं १२ काली झोडाको सिमानामा पर्ने जिल्ला झापा, अर्जुनधारा नगरपालिका वडा नं १० स्थित गाँउमा प्रतिवादीहरु टार्जन भन्ने पुर्णबहादुर सार्की, महेश मङगराती सार्की, सुवास दर्जी, धने भन्ने धनबहादुर तोलाङ्गे सार्की, सुनिल भन्ने दिलिप विश्वकर्माले सेतो फुस्रो रंगको गोरुलाई काटी मारी छाला छिली बायाँतर्फको अगाडि र पछाडिको खुट्टा समेत शरीरवाट छुटयाई मासु काटदै गरेको अवस्थामा प्रहरी टोलीले फेला पारेको देखिन आएकोले प्रतिवादीहरु टार्जन भन्ने पुर्णबहादुर सार्की, महेश मङगराती सार्की, सुवास दर्जी, धने भन्ने धनबहादुर तोलाङ्गे सार्की, सुनिल भन्ने दिलिप विश्वकर्मा लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २८९(१) बमोजिमको कसूर अपराधमा सोही ऐन दफा २८९(२) बमोजिम कैद सजाय गरीपाउन साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) र (२) बमोजिमको क्षतिपूर्ति शूल्क ऐ. उपदफा (३) बमोजिम प्रतिवादीहरुबाट भराई ऐ. उपदफा (५) बमोजिम पीडित राहतकोषमा जम्मा गराई पाउन समेत वेहोराको बादी नेपाल सरकारको अभियोग मागदावी देखियो।

१२. मैले अभियोग दावी वमोजिमको कसूर गरेको छैन। मलाई प्रतिवादी मध्येका धनबहादुर तोलाङ्गीले मेरो घरमा भएको एउटा गोरु विरामी भएर मर्यो। उक्त गोरुलाई काटेर उक्त मासु सुगुरलाई दिनु पर्‍यो भनी निज प्रतिवादीले वोलाएको हुँदा म उक्त गोरु मरिरहेको अवस्थामा पुग्दा उक्त मरेको गोरु काटन सहयोग गरेको हो। म उक्त वारदात भएको स्थानमा जाँदा उक्त गोरु मरिरहेको थियो। निज प्रतिवादीलाई सोध्दा निजले विरामी भएर मर्‍यो। अव यसलाई काटेर सुगुरलाई दिनु पर्‍यो भनी भनेकोले उक्त मरेको गोरु काटन सहयोग गरेको हो। केही छिन पछी प्रहरी आएर म समेतलाई पक्राउ गरेको हो। मैले जिउदो गोरु काटेको होइन। मैले मरेको गोरु काटन सहयोग गरेको हो। अभियोग दावीबाट सफाई पाउनु पर्ने हो भन्नेसमेत प्रतिवादी सुवास दर्जीले गरेको वयान।

१३. मैले अभियोग दावी वमोजिमको कसूर गरेको छैन। मलाई प्रतिवादी मध्येका धनबहादुर तोलाङ्गीले मेरो घरमा भएको एउटा गोरु विरामी भएर मर्यो। उक्त गोरुलाई काटेर उक्त मासु सुगुरलाई दिनु पर्‍यो भनी निज प्रतिवादीले वोलाएको हुँदा म उक्त गोरु मरिरहेको अवस्थामा पुग्दा उक्त मरेको गोरु काटन सहयोग गरेकोले केही छिन पछि प्रहरी आएर म समेतलाई पक्राउ गरेको हो। उक्त गोरु

धनबहादुर तोलाङ्गीले मेरो हो भन्थ्यो। मैले जिउदो गोरु काटेको होइन। मरेको गोरु काट्न सहयोग गरेको हो। अभियोग दावीबाट सफाई पाउनुपर्ने हो भन्नेसमेत प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्माले गरेको वयान।

१४. मैले अभियोग दावी वमोजिमको कसूर गरेको छैन। म उक्त वारदात भनिएको मितिमा म जिल्ला झापा, मेचीनगर नगरपालिका वडा नं. १२ स्थित कालीझोडा ससुराली घर गएको थिए। ससुराली घरमा वेलुका खाना खाएर सुते। राती करिव ४ वजेतिर म पिसाव फेर्न उठदा प्रस्तुत मुद्दाका प्रतिवादी काका ससुरा धनबहादुर तोलाङ्गी सार्कीले ज्वाई एकछिन यता आउनु न भनी वारदात स्थानमा वोलाएर मलाई एकछिन टर्च देखाईदिनु न भने र म उक्त मासु काटेको स्थानमा टर्च देखाई रहेको केही समय पछाडी प्रहरीले म समेतलाई पक्राउ गरेको हो। के काटेकोहो भन्ने सम्वन्धमा मलाई केही थाहा भएन। पछि बुझ्दा गोरु कसको हो सो सम्वन्धमा मलाई केही थाहा छैन। अभियोग दावीबाट सफाई पाउनुपर्ने हो भन्नेसमेत प्रतिवादी महेश मङ्गराती सार्कीले गरेको वयान।

१५. मैले अभियोग दावी वमोजिमको कसूर गरेको छैन। म जहा काम पायो तेही काम गरी वस्ने गर्छु। उक्त वारदात भएको मिति समयमा म प्रतिवादी धनबहादुर तोलाङ्गीको घर नजिकै काम गरि निज प्रतिवादी धनबहादुर तोलाङ्गीको घरमा सुतिरहेको अवस्थामा तेही नजिकै राती केही काटेको जस्तो आवाज आएको थाहा पाई म उक्त स्थानमा जाँदा मासु काटिरहेका थिए। केकी समय पछाडि गोरु काटेको अभियोगमा प्रहरीले म समेतलाई पक्राउ गरेको हो। म उक्त गोरु काट्ने कार्यमा संलग्नता छैन। अभियोग दावीबाट सफाई पाउनुपर्ने हो भन्नेसमेत प्रतिवादी टार्जन भन्ने पुर्णबहादुर सार्कीले गरेको वयान।

१६. मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुका आधारमा यी प्रतिवादीहरु कसूरदार रहेको भन्ने विश्वास गर्ने मनासिव आधार देखिंदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी हाललाई यी प्रतिवादीहरु टार्जन भन्ने पुर्णबहादुर सार्की, सुनिल भन्ने दिलिप विश्वकर्मा, सुवास दर्जी र महेश मङ्गराती सार्कीबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ को दफा ७२ समेतका आधारमा सोही संहिताको दफा ६८(१) वमोजिम जनही रु. १,००,०००।- (रुपैया एक लाख मात्र) नगद जेथा वा वैंक जमानत दिए लिई तारेखमा राख्नु। सो दिन नसके सोही संहिताको दफा ६८(२) वमोजिम थुनामा राख्न स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाईदिनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७७।१२।३०।२ को आदेशानुसार प्रतिवादीहरु टार्जन भन्ने पुर्णबहादुर सार्की र सुवास दर्जीले धरौट राखी तारेखमा रहेको, सुनिल भन्ने दिलिप विश्वकर्मा र महेश मङ्गराती सार्कीले माग भएको धरौट रकम रु. १,००,०००।- दिन सक्दिन भनी कागज गरेको देखिंदा निज प्रतिवादी पुर्पक्षका लागि थुनामा रही प्रतिवादी महेश मङ्गराती सार्कीले मिति २०७७।१२।३१ गते धरौट राखी यस अदालतबाट तोकी पाएको तारेख गुजारी वसेको र प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्माले मिति २०७८।५।२७ गते धरौट राखी यस अदालतबाट तोकी पाएको तारेख गुजारी वसेको।

१७. मिति २०७७।१२।४ गते विहानको राती २ वजेतिर मेरो घरको गोरु मरेको हुँदा गाउकै साथीहरु पुर्णबहादुर सार्की, महेश मङ्गराती सार्की, दिलिप विश्वकर्मा र सुवास दर्जी समेत मेरो घरमा आएको थिए। निज साथीहरुले उक्त गोरु काटेर सुगुरलाई चारो वनाउने भन्दै थिए। सो वेला मलाई ट्वाइलेट लागेकोले म ट्वाइलेट तिर गए। निजहरुले उक्त मरेको गोरु मेरो घर पछाडी लगेर

काट्दै गर्दा प्रहरी आएर निजहरुलाई पक्राउ गरी लगेको हो। उक्त गोरु मासु खाने नियतले मैले काट्न लगाएको होइन। मलाई अभियोग दावी वमोजिम सजाय हुने होइन भन्नेसमेत प्रतिवादी धने भन्ने धनबहादुर तोलाङ्गे सार्कीले गरेको वयान।

१८. मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुका आधारमा यी प्रतिवादी कसूरदार रहेको भन्ने विश्वास गर्ने मनासिव आधार देखिंदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे वमोजिम हुने गरी हाललाई यी प्रतिवादी धने भन्ने धनबहादुर तोलाङ्गे सार्कीबाट रु. १,००,०००।- (रुपैया एक लाख मात्र) नगद वा सो वरावरको जेथा जमानत दिए लिई सोही संहिताको दफा ७४ वमोजिम कागज गराई तारेखमा राख्नु। दिन नसके सोही संहिताको दफा ६८(२) वमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने सोही संहिताको दफा ८० वमोजिमको थुनुवा पुर्जी दिई थुनामा राख्न स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाईदिनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७८।६।८।६ को आदेशानुसार माग भएको धरौट राखी तारेखमा रहेको।

१९. मिति २०७७।१२।४ गतेको प्रहरी प्रतिवेदनको व्यहोरा पढीवाँची सुनाँउदा सुनिपाए। उक्त मितिको प्रतिवेदन व्यहोरामा भएको सहिछाप मेरै हो। उक्त मितिमा मेचीनगर नगरपालिका वडा नं. १२ को कालिझोडा स्थित अर्जुनधारा नगरपालिका वडा नं. १० को सिमानाम गोरु काटिरहेको छ भन्ने गोप्य सूचना प्राप्त भएको हुँदा उक्त स्थानमा मेरो कमाण्डमा प्रहरी टोली घटनास्थलमा पुग्दा रातो सेतो फुस्रो रंगको गोरु काटी छाला छिली सकेर अगाडी पछाडीको वाया खुट्टा गोरुको शरिरबाट निकाली सकेको अवस्थामा निज प्रतिवादीहरुलाई घटनास्थलमा हतियार सहित सुरक्षित साथ पक्राउ गरिएको हो भन्नेसमेत व्यहोराको प्रतिवेदक भीमबहादुर श्रेष्ठले गरेको वकपत्र।

२०. उक्त काटेको गोरु मरेको गोरु सुगुरको चारोको लागि काटेको हो। जिउदो गोरु काटेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी टार्जन भन्ने पुर्णबहादुर सार्कीका साक्षी तिलकबहादुर सार्कीले गरेको वकपत्र।

२१. उक्त काटेको गोरु मरेको गोरु सुगुरको चारोको लागि काटेको हो। जिउदो गोरु काटेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्माका साक्षी सिता वि.क.ले गरेको वकपत्र।

## अदालतको ठहर

२२. नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहायक जिल्ला न्यायाधिवक्ता श्री लवराज घिमिरे तथा प्रतिवादी टार्जन भन्ने पुर्णबहादुर सार्की, सुवास दर्जी र धने भन्ने धनबहादुर तोलाङ्गे सार्कीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नारायण श्रेष्ठले गर्नु भएको वहससमेत सुनि प्रतिवादीले अभियोग दावी वमोजिम कसूर गरेको हो होइन? निज प्रतिवादीहरुलाई के कति सजाय हुनु पर्ने हो? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२३. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी धने भन्ने धनबहादुर तोलाङ्गे सार्की समेतको मिलेमतोमा गोरुलाई काटी मारी छाला छिली वाया तर्फको अगाडी र पछाडीको खुट्टा समेत शरिरबाट छुटयाई मासु काटदै गरेको अवस्थामा फेला परेको हुँदा प्रतिवादीहरु पूर्णबहादुर सार्की, महेश मङ्गराती सार्की, दिलिप विश्वकर्मा, सुवास दर्जी र धनबहादुर तोलाङ्गे सार्कीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २८९(१) वमोजिमको कसूरमा सोही संहिताको दफा २८९(२) वमोजिम सजाय हुन साथै अपराध

पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ वमोजिम प्रतिवादीहरुबाट क्षतिपूर्ति निर्धारण भई राहतकोषमा जम्माको लागि समेत अभियोगपत्र दावी देखियो।

२४. प्रतिवादी धनबहादुर तोलाङ्गेले अदालतमा वयान गर्दा मेरो घरमा पालेको गोरु मरेकोले अन्य प्रतिवादीहरुले सुगुरलाई चारो वनाउने भन्दै थिए। निजहरुले मेरो घर पछाडी लगेर के कसरी काटे थाहा भएन भनी लेखाएको देखिन्छ। पक्राउ प्रतिवादीहरुले मौकामा वयान गर्दा वारदातस्थलमा दिलिप विश्वकर्मा, धनबहादुर तोलाङ्गे सार्की, सुवास दर्जी र महेश सार्की मङ्गराती समेत ४ जना रही महेश मङ्गराती र धनबहादुर तोलाङ्गे टर्च देखाई रहेको तथा दिलिप विश्वकर्मा र सुवा दर्जी गोरु काटने छिन्ने गर्दै गर्दा पुर्णबहादुर सार्की सो ठाँउमा आईपुगेकोमा केही वेरपछि धनबहादुरले निज पुर्णबहादुरलाई टर्च वाल्न दिई मान्छे रेखदेख गर्न गए।घटनास्थलमा पुर्णबहादुर सार्की रमहेश सार्की मङ्गरातीले टर्च देखाउने दिलिप विश्वकर्मा र सुभास दर्जीले गोरु काटने मासु र हड्डी छुट्याउने कार्य गरी सम्पूर्ण प्रतिवादीहरु गोरु मारेको कसूरमा संलग्न भई कार्य गरिरहेको वेला ही प्रतिवादीहरु पक्राउ परेको भनी एकै व्यहोराको उल्लेख गरी वयान गरेको देखियो।

२५. यी प्रतिवादीहरुले गोरु प्रजातीको चौपायालाई घाटीमा वाधी वन्चरीले पटक पटक टाउकोको भागमा हानी मारेको, परिक्षणको लागि मृत गोरुको करङ्गको हड्डी, फिलाको मासुको भाग परिक्षणको लागि पठाईएको, घटनास्थलमा फेला परेको फलामको वन्चरो, चक्कु, दाउ, चुप्पी र वाधिएको डोरी वरामद गरी लगेको भन्ने व्यहोराको घटनास्थल वरामदी मुचुल्का रहेको छ भने गोरुलाई काटी मारी छाला छिली खुट्टा शरीरबाट छुट्याई मासु काटदै गरेको अवस्थामा दिलिप विश्वकर्मा, सुवास दर्जी, पुर्णबहुर सार्की र महेश सार्की मङ्गराती हातमा मासु काटने हतियार सहित फेला परेकोले वरामदी वस्तु सहित प्रतिवादीहरुलाई दाखिला गरेको भन्नेसमेत व्यहोराको प्रहरी प्रतिवेदन र प्रतिवेदक भीमबहादुर श्रेष्ठले प्रहरी प्रतिवदन व्यहोरालाई समर्थन गरी वारदातस्थलबाटै हतियार सहित सुरक्षितसाथ प्रकाउ गरेको व्यहोरा खुलाई वकपत्र गरेको देखिन्छ।

२६. चौपाया गोरु काटने मार्ने यी पक्राउ तथा फरार प्रतिवादीहरुलाई कानून वमोजिम कडा कारवाही हुनुपर्दछ भन्नेसमेत व्यहोराको पूर्णमाया पुरी समेतको कागज व्यहोरा रहेको छ भने राष्ट्रिय विधि विज्ञान प्रयोगशाला च.नं. ११४७, मिति २०७८।१।१२ गतेको परिक्षण रिपोर्ट हेर्दा 'शंकित नमुना (A2) गाई/गोरुको मासु हो' भनी पाइयो भनी उल्लेख भएको देखियो।

२७. अतः प्रतिवादीहरुले मौकामा अनुसन्धान प्राप्त अधिकारी समक्ष कसूरको सम्वन्धमा अभियोग स्वीकार गरी गरेको वयान, वरामदी मुचुल्का, प्रहरीको प्रतिवेदन व्यहोरा र प्रतिवेदक भीमबहादुर श्रेष्ठको अदालत समक्षको वकपत्र, बुझिएका मानिसहरुले अनुसन्धानमा गरेको कागज व्यहोरा तथा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परिक्षण प्रतिवेदन समेतबाट पुष्टि भएकोले यी प्रतिवादीहरुले अदालतमा गरेको इन्कारी वयान खण्डित भइसकेको देखिंदा यी प्रतिवादीहरु टार्जन भन्ने पुर्णबहादुर सार्की, महेश मङ्गराती सार्की, सुनिल भन्ने दिलिप विश्वकर्मा, सुभास दर्जी र धनबहादुर तोलाङ्गे सार्की समेतले मुलुकी अपराध संहिता, २०७४ को दफा २८९(१) वमोजिमको कसूर गरेको ठहर्छ। अतः निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २८९(२) वमोजिम जनही १ (एक) वर्षका दरले कैद सजाय हुने ठहर्छ। साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ वमोजिम प्रतिवादीहरुबाट जनही रु. २००।- (दुई सय) क्षतिपूर्ति शुल्क निर्धारण भई कोषमा जम्मा हुने समेत ठहर्छ। अरुमा

तपसिलमा लेखिए बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३१ वमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ।

## तपसील

- माथि ठहरखण्डमा लेखिए वमोजिम प्रतिवादी टार्जन भन्ने पुर्णबहादुर सार्कीलाई १ (एक) वर्ष कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७७।१२।४ गतेको पक्राउ पुर्जीले प्रहरी हिरासतमा रही यस अदालतको आदेशानुसार मिति २०७७।१२।३० मा रु. १,००,०००।- धरौटी राखी तारेखमा छुटी वसेको देखिंदा सो अवधिसम्मको कैदको लगत कट्टा गरी बाँकी रहेको कैद बेरुजु हुँदा लगत कसी असुल गर्नु-------------------------------------------------१
- माथि ठहरखण्डमा लेखिए वमोजिम प्रतिवादी सुवास दर्जीलाई १ (एक) वर्ष कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७७।१२।४ गतेको पक्राउ पुर्जीले प्रहरी हिरासतमा रही यस अदालतको आदेशानुसार मिति २०७७।१२।३० मा रु. १,००,०००।- धरौटी राखी तारेखमा छुटी वसेको देखिंदा सो अवधिसम्मको कैदको लगत कट्टा गरी बाँकी रहेको कैद बेरुजु हुँदा लगत कसी असुल गर्नु------------------------------------------------------------२
- माथि ठहरखण्डमा लेखिए वमोजिम प्रतिवादी महेश सार्की मंग्रातीलाई १ (एक) वर्ष कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७७।१२।४ गतेको पक्राउ पुर्जीले प्रहरी हिरासतमा रही यस अदालतको आदेशानुसार मिति २०७७।१२।३१ मा रु. १,००,०००।- धरौटी राखी तारेखमा छुटी तोकीएको तारेख गुजारी वसेको देखिंदा सो अवधिसम्मको कैदको लगत कट्टा गरी बाँकी रहेको कैद बेरुजु हुँदा लगत कसी असुल गर्नु-------------------------------------३
- माथि ठहरखण्डमा लेखिए वमोजिम प्रतिवादी सुनिल भन्ने दिलिप विश्वकर्मालाई १ (एक) वर्ष कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७७।१२।४ गतेको पक्राउ पुर्जीले प्रहरी हिरासतमा रही यस अदालतको आदेशानुसार मिति २०७८।५।२७ मा रु. १,००,०००।- धरौटी राखी तारेखमा छुटी तोकीएको तारेख गुजारी वसेको देखिंदा सो अवधिसम्मको कैदको लगत कट्टा गरी बाँकी रहेको कैद बेरुजु हुँदा लगत कसी असुल गर्नु------------------------४
- माथि ठहरखण्डमा लेखिए वमोजिम प्रतिवादी धने भन्ने धनबहादुर तोलाङ्गे सार्कीलाई १ (एक) वर्ष कैद हुने ठहरी फैसला भएकोले निज मिति २०७८।६।८ गते निवेदन साथ हाजिर भई यस अदालतको आदेशानुसार मिति २०७८।६।८ मा रु. १,००,०००।- धरौटी राखी तारेखमा छुटी वसेको देखिंदा सो अवधिसम्मको कैदको लगत कट्टा गरी बाँकी रहेको कैद बेरुजु हुँदा लगत कसी असुल गर्नु------------------------------------------------------------५
- माथि ठहरखण्डमा लेखिए वमोजिम प्रतिवादी महेश सार्की मंग्राती र सुनिल भन्ने दिलिप विश्वकर्माले यस अदालतको आदेशानुसार रु. १,००,०००।- धरौट राखी यस अदालतबाट तोकिएको तारेख गुजारी बसेको देखिंदा निजहरुले राखेको नगद धरौट रु. १,००,०००।- जफत गर्नु भनी लेखा शाखालाई जानकारी दिनु------------------------------------------------६
- प्रतिवादीत्रय टार्जन भन्ने पुर्णबहादुर सार्की, सुभास दर्जी र धनबहादुर तोलाङ्गे सार्कीलाई लागेको कैद असुल भएपश्चात नगद धरौट फिर्तापाँउ भनी माग गरे यस अदालतको आदेशानुसार

राखेको धरौट रु. १,००,०००।- प्रस्तुत मुद्दा अन्तिम भएपछि नियमानुसार फिर्ता दिनू------७

- अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ वमोजिम क्षतिपूर्ति शुल्क वापत हुने रकम प्रतिवादीहरुबाट जनही रु. २००।- दाखिल गर्न लगाई पीडित राहतकोषमा जम्मा गर्न लगाउनु--------------------------------------------------------------------------------८
- प्रतिवादी महेश सार्की मंग्राती र सुनिल भन्ने दिलिप विश्वकर्माले यस अदालतको आदेशानुसार धरौट राखी यस अदालतबाट तोकिएको तारेख गुजारी बसेको तथा प्रतिवादी प्रविण राईले शुरु म्यादै गुजारी वसेको देखिंदा निजहरुलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(१) ले फैसला भएको सूचना दिनु ---------------------------------------------------९
- प्रतिवादीत्रय टार्जन भन्ने पुर्णबहादुर सार्की, सुभास दर्जी र धनबहादुर तोलाङ्गे सार्कीलाई फैसलाको जानकारी दिनुपर्छकी भन्नलाई निजहरुका कानून व्यवसायी उपस्थित भई वहस पैरवी गरेको देखिंदा मुलुकी फौजदारी संहिता, २०७४ को दफा १३४(३) वमोजिम फैसलाको जानकारी दिईरहनु परेन-----------------------------------------------------------------१०
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३२(४) वमोजिम फैसलाको प्रतिलिपि सहित जानकारी जिल्ला सरकारी वकील कार्यालय, झापालाई दिनु -----------------------११
- प्रस्तुत मुद्दाको फैसलाको विवरण सहितको सूचना मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१(१०) वमोजिम यस अदालतको सूचना पाटीमा टाँस गरी आफ्नो वेवसाइटमा समेत राख्नु होला ---------------------------------------------------------------------१२
- सरोकारवालाले नक्कल माग गरेमा लाग्ने दस्तुर लिई सारी सराई दिनु होला ------------१३
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी प्रस्तुत फैसलालाई विद्युतीय माध्यममा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाइ दिनु होला -------------------------------------------१४

<u>फैसला टिपोट गर्ने</u>

**कम्प्युटरः- धर्म गौतम**

**मुद्दा फाँटः- ५**

..............................

**न्यायाधीश**

ईति सम्बत २०८० साल असार महिना २८ गते रोज ५ शुभम्----------------------------

**प्रमाणीकरण मितिः- २०८०।५।५।३**

**अदालतको छाप**